
एकाइ : एक
पाठ : एक

# हामी र हाम्रो स्थानीय तह

.....................................................................................................

## हाम्रो गौरीगञ्ज

गौरीगञ्ज गाउँपालिकाको नक्सा हेरौँ र बुझौँ ।




सुचना तथा प्रविधि विभाग

### १. तलका प्रश्नहरूको उत्तर भन्नुहोस् ।

क) तपाईं कुन पालिकामा बस्नुहुन्छ ?

ख) गौरीगञ्ज गाउँपालिकामा कतिवटा वडाहरू छन् ?

ग) तपाईं कुन वडामा बस्नु हुन्छ ?

## २. क्रियाकलाप

क. गाउँपालिकाको नक्सामा कतिवटा वडा छन् ? भन्नुहोस् । आफ्नो वडा कुन हो ? कहाँ पर्छ ? चिन्नुहोस् ।

ख. आफ्नो पालिकाको नाम भन्नुहोस् ।

ग. तपाईं बस्ने वडा नम्बर भन्नुहोस् ।

**घ. तलका प्रश्नहरूको पालैपालो उत्तर दिनुहोस् ।**


**अ) तपाईं बस्ने वडामा कुनकुन टोलहरू छन्  ?**

**आ) तपाईं बस्ने टोलको नाम के हो ?**

**इ) तल दिइएको चित्र हेर्नुहोस् र चिन्नुहोस् ।**



ई) तल दिएको नक्सामा आफू बस्ने वडामा रङ भर्नुहोस् ।




सुचना तथा प्रविधि विभाग

पाठ : दुई

# म र मेरो साथी



बन्दगी साथीहरू ! मेरो नाम नेहा हो ।

मेरो थर राजवंशी हो । म हिन्दु धर्म मान्छु ।

मेरो मिल्ने साथीको नाम कविता हो ।

उनको थर राई हो ।

उनीहरूको भाषामा साथीलाई यवा भनिन्छ । भाइलाई निछार भन्छन् ।

बहिनीलाई नाना भन्छन् ।

मेरा अरू साथीहरू यादव, ताजपुरिया र सोरेन थरका छन् ।

हामी सबै मिलेर टिफिनमा खाजा खान्छौँ ।





जोहार साथीहरू ! मेरो नाम दानियल हो ।

मेरो थर सोरेन हो । मेरो मिल्ने साथीको नाम दीपक राम हो ।

मेरा साथीहरू दक्कालाई भात भन्छन् । इतुलाई तरकारी र जिललाई मासु भन्छन् ।

मेरा साथीहरू राजवंशी, मण्डल अनि लिम्बूहरू छन् । हामी सधैँ मिलेर खेल्छौँ ।



नमस्कार साथीहरू, मेरो नाम डोल्मा हो ।

मेरो थर तामाङ हो । म बौद्ध धर्म मान्छु ।

मेरो मिल्ने साथी बिनिता ताजपुरिया हो ।

हाम्रो भाषामा भातलाई कान भनिन्छ ।

तरकारीलाई तासाइकारी र पानीलाई

क्युइ भन्दछन् । मेरो अरू साथीहरू ठाकुर,

शेर्पा र दाहाल थरका छन् ।

हामी सँगै विद्यालय आउछौँ ।

## अभ्यास

१. तल दिइएका प्रश्नहरूको उत्तर भन्नुहोस् ।

क. तपाइँको नाम के हो ?

ख. तपाईंको परिवारमा को को हुनुहुन्छ ?

ग. तपाइँ कुन धर्म मान्नुहुन्छ ?

घ. तपाइँको भाषामा भातलाई के भनिन्छ ?

ङ. तपाइँ कति वर्षको हुनुभयो ?

च. तपाइँको दुईजना साथीको थर भन्नुहोस् ।

### क्रियाकलाप

१. तल दिइएको खाली ठाउँमा उपयुक्त शब्द लेखेर पालैपालो आफ्नो परिचय दिनुहोस् ।

................साथीहरू मेरो नाम .............हो ।

मेरो थर................. हो ।

मसँग मिल्ने साथीको नाम ..............हो ।

हाम्रो भाषामा आगोलाई ..........भन्छन् ।

## परियोजना कार्य

१. घरका सदस्यहरूलाई सोधेर तपाईँको भाषामा तल दिइएका शब्दहरूलाई के के भनिन्छ ? लेखेर कक्षामा सुनाउनुहोस् ।


| क्र.सं. | शब्द | तपाईँको भाषा |
|---|---|---|
| १. | भात | |
| २. | तरकारी | |
| ३. | पानी | |
| ४. | साथी | |
| ५. | बुबा | |
| ६. | आमा | |
| ७. | किताब | |

एकाइ : दुई
पाठ : एक

## स्थानीय पर्यावरण

## सजीव र निर्जीव

हेरौँ र चिनौँ ।















तपाईंको घर वरपर विभिन्न वस्तुहरू छन् । यी वस्तुहरूमध्ये केहीले खाना खान्छन् । केहीले खाना खाँदैनन् । केहीले सास पनि फेर्छन् । मानिस र जनावरले सास फेर्छन् । यिनीहरू सजीव वस्तु हुन् । बिरुवाले माटो र हावाबाट आफूलाई चाहिने खाने कुरा लिन्छन् । केही वस्तुले खाने कुरा खाँदैनन् । सास पनि फेर्दैनन् । त्यस्ता वस्तु निर्जीव हुन् । टेबल, किताब, घडी र कलम आदि निर्जीव वस्तु हुन् ।






## अभ्यास

### १. धर्का तानेर सजीव र निर्जीव वस्तुहरू छुट्याउनुहोस् ।

| | | |
|---|---|---|
| हात्ती | | चरा |
| टेबल | | पङ्खा |
| रुख | निर्जीव | माछा |
| कोदालो | सजीव | घडी |
| घोडा | | सूर्य |

### २. उत्तर भन्नुहोस् ।

क) कसलाई खाना चाहिँदैन ?

ख) खाना केले खान्छ ? कुनै चारवटा नाम भन ।

ग) कसले सास फेर्छ ?

घ) कुन कुन वस्तुहरू आफैँ हिँड्न सक्छन् ?

३. तल दिइएको तालिका भर्नुहोस् ।

| क्र.सं. | खाना खाने/सजीव | खाना नखाने/निर्जीव |
|---|---|---|
| १. | खसी | कुर्सी |
| २. | | |
| ३. | | |
| ४. | | |
| ५. | | |

४. आफ्नो विद्यालय वरिपरि भएका वस्तुहरू हेरेर तलको तालिका भर्नुहोस् ।

| क्र.सं. | सजीव वस्तुहरू | निर्जीव वस्तुहरू |
|---|---|---|
| १. | | |
| २. | | |
| ३. | | |
| ४. | | |
| ५. | | |
| ६. | | |

पाठ : दुई

# पानी

चित्र हेरेर छलफल गर्नुहोस् ।







## १. तलका प्रश्नहरूको उत्तर भन्नुहोस् ।

क. तपाईं हातमुख के ले धुनुहुन्छ ?

ख. तपाईंलाई तिर्खा लागेको बेला के पिउनु हुन्छ ?

ग. तपाईं लुगा केले पखाल्नु हुन्छ ?

घ. चामल केले पखाल्नु पर्छ ?

ङ. खोलामा के बग्छ ?

## २. तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् ।

क. पानी कहाँ कहाँबाट आउँछ ?

ख. तपाईँ घरमा केबाट आएको पानी पिउनुहुन्छ ?

ग. पानी के के गर्न चाहिन्छ ?

घ. तपाईँ विद्यालयमा केबाट आएको पानी पिउनुहुन्छ ?

## ३. सफा चित्र बनाउनुहोस् ।

क) कल

ख) खोला

ग) पोखरी

घ) धारा

पाठ : तीन

# पानीका स्रोतहरू

..............................................................................................................

चित्र हेरेर छलफल गर्नुहोस् ।











१. पोखरी

पानी विभिन्न ठाउँमा हुन्छ । धेरै पानी भएको ठाउँलाई पोखरी भनिन्छ । पोखरीको पानीमा माछा पनि हुन्छन् ।

२.



पानी बगिरहने ठाउँलाई खोला भनिन्छ । खोलाबाट पैनीमा पानी ल्याइन्छ । पैनीबाट खेतबारीमा पानी लगाइन्छ ।



## ३. कल

हामी सबैले कल देखेका छौँ । कलबाट जमिनमुनिको पानी निकालिन्छ । यो पानी विभिन्न काममा प्रयोग गरिन्छ ।



## अभ्यास

### १. तल दिइएका खाली ठाउँमा उपयुक्त शब्द लेखेर भर्नुहोस् ।

क. मेरो घरमा ........ बाट आउने पानी खान्छौँ ।

ख. मेरो घर नजिकको खोलाको नाम........... हो ।

ग. कलबाट............आउँछ ।

घ. म .............ले हात धुन्छु ।

२. छोटो उत्तर लेख्नुहोस् ।

क. तपाइँको घर नजिक पानीका स्रोत के के छन् ?

ख. खोला भनेको के हो ?

ग. तपाइँको गाउँघरमा कहाँ कहाँको पानीको प्रयोग गरिन्छ ?

घ. खेतबारीमा के केबाट पानी लगाइन्छ ?

३. तपाइँको गाउँमा भएका पानीका स्रोतहरू मध्ये कुनै दुईवटाका चित्र बनाउनुहोस् ।

**पाठ : चार**

## सरसफाइ

........................................................................................................................

चित्र हेरेर छलफल गर्नुहोस् ।



म घरमा बस्छु । म बिहान उठेपछि ओछ्यान मिलाउँछु । मेरो कोठा आफैँ बढार्छु । मेरा सामान ठिक ठाउँमा राख्छु ।



आमाले आँगन बढार्नु हुन्छ । मेरो घरमा बढार्ने कुचो छ । यसलाई झाडु पनि भनिन्छ । घरबाट निस्केको फोहोर एकै ठाउँमा जम्मा गर्नु पर्छ ।

जथाभावी दिशापिसाब गर्नु हुँदैन । दिशापिसाब चर्पीमा गर्नुपर्छ । चर्पी सधैँ सफा राख्नुपर्छ ।





## अभ्यास

१. चित्र हेरेर प्रश्नहरूको उत्तर भन्नुहोस् ।



चित्र नं. १



चित्र नं. २

क. तपाईँलाई कति नं. को चित्र मन पर्यो ?

ख. चित्र नं. २ मा मानिसहरू के गर्दै छन् ?

ग. चित्र नं. १ मा के देख्नु भयो ?

२. चित्र र शब्दको जोडा मिलाउनुस् ।

कुचो



चर्पी





डस्टबिन



ओछ्यान



घर

## सामूहिक कार्य

क) आफ्नो कक्षा कोठा अगाडि फालिएका कागज, छेस्का, पात, चकलेटका खोल आदि टिपेर डस्टविनमा राख्नुहोस् ।

एकाइ : तीन

पाठ : एक

# संस्कार र संस्कृति

## हाम्रा चाडपर्व

चित्र हेरेर छलफल गर्नुहोस् ।





### अब गीत गाऔँ :

पानी काद सिरुवामा रङ खेल्दा हर्ष
आपसमा मायाप्रेम यसले बढ्ने गर्छ ।
दसैँमा नयाँ लुगा पिङ खेल्न जाने
तिहारमा हुकाहुकी, बगिया पिठ खाने ।

क्रिसमस इद हाम्रा पर्व सबैले मनाऔँ
लुँगी पँछी लगाएर सोराहीमा रमाऔँ ।
तिहारका सेलरोटी ठेकुवा छठका राम्रा
कला, भाषा, संस्कृति अनेक छन् हाम्रा ।



पढौँ र बुझौँ ।

दीक्षा विहान बेलुका भात खानुहुन्छ । कहिलेकाहीँ भातको साटो रोटी खानुहुन्छ । दीक्षाकी साथी सुमी हुनुहुन्छ । सुमी पान्ता भात खानुहुन्छ । सुमीलाई घुम्नीमुरी र भक्का पनि मिठो लाग्छ । दीक्षाले खिचडी र तरुवा मन पराउनुहुन्छ । सुमीलाई छठ पूजाको ठेकुवा मन पर्छ ।

अभ्यास

१. तलका प्रश्नहरूको उत्तर भन्नुहोस् ।

क. तपाईंको घरमा कुन कुन चाडपर्वहरू मनाउनुहुन्छ ?

ख. तपाईंलाई मन पर्ने चाड कुन कुन हुन् ?

ग. तपाईंको घरमा सधैँ खाइने खानेकुराको नाम बताउनुहोस् ।

घ. तपाईं चाडपर्वमा के के गर्नुहुन्छ ?

(२) धर्का तानेर जोडा मिलाउनुहोस् ।

| | |
|---|---|
| (क) दसैँ | सिरुवा |
| (ख) छट | नयाँ लुगा |
| (ग) तिहार | ठेकुवा |
| (घ) सोराही | सेलरोटी, पिठ |
| (ङ) नयाँ वर्ष | लुँगी पँछी |

(३) तपाईंको गाउँघरमा मनाउने अन्य चाडपर्व के के छन्, लेख्नुहोस् ।

(४) समूहमा मिलेर आफ्नो स्थानीय चाडपर्व मनाएको अभिनय गर्नुहोस् ।

पाठ : दुई

# हाम्रा पहिरन

.............................................................................................................................




हाम्रो गाउँको नाम भाकुरमारी हो । यहाँका मानिसहरूले भिन्नाभिन्नै लुगा लगाउँछन् । यहाँका ताजपुरिया जातिले धोती, पेटानी र गम्छा लगाउँछन् । सन्थाल जातिले लुँगी र पँछी लगाउँछन् । राई र लिम्बू महिलाहरूले गुन्यु अनि चोलो लगाउँछन् ।

## अभ्यास

१. तलका प्रश्नहरूको उत्तर भन्नुहोस् ।

क. तपाईंको घरका सदस्यहरूले लगाउने पहिरनको नाम भन्नुहोस् ।

ख. सन्थाल जातिले लगाउने पहिरनको नाम के हो ?

ग. राई जातिले लगाउने पहिरनको नाम भन्नुहोस् ।

## (२) जोडा मिलाउनुहोस् :

ताजपुरिया/राजवंशी



सन्थाल



तामाङ्ग



मुस्लिम



## परियोजना कार्य

१. तपाईँको घरमा लगाइने पहिरनको विवरण अभिभावकलाई सोधेर तालिका भरेर कक्षामा सुनाउनुहोस् ।

| जात | पुरुषको पहिरन | महिलाको पहिरन |
| --- | --- | --- |
| | | |
| | | |

पाठ : तीन

# हाम्रा खानेकुरा

चित्र हेरेर छलफल गर्नुहोस् ।













पढौँ र बुझौँ ।



पारूकी आमाले भक्का पकाउनुहुन्छ । जाडो महिनामा धेरै भक्का पकाइन्छ । तातो भक्का चटनीसँग मिठो हुन्छ । पारू र उनको भाइ भक्का खान पाउँदा खुसी हुन्छन् ।

अभ्यास

१. जोडा मिलाउनुहोस् ।

भक्का



लड्डु



ढिँडो



दहीचिउरा



जुलबी



२. तपाइँको घरमा खाइने खानेकुराको नाम लेख्नुहोस् ।

३. तपाइँलाई मनपर्ने खानेकुराको नाम लेख्नुहोस् ।

४. भक्का कुन महिनामा धेरै पकाइन्छ ? लेख्नुहोस् ।

### क्रियाकलाप

गोला घेरामा बस्नुहोस् र आफूलाई मनपर्ने खानेकुरा पालैपालो भन्नुहोस् ।

एकाइ : चार

पाठ : एक

# हाम्रा मूल्यमान्यता र सकारात्मक व्यवहार

## मेलमिलाप

चित्र हेरेर छलफल गर्नुहोस् ।









कक्षा १ मा पढने रियाले आफ्नो बारेमा यसरी भन्नुभयो ।



नमस्कार साथीहरू, मेरो नाम रिया हो । म अहिले ६ वर्षकी छु । मेरो घर गौरीगञ्ज गाउँपालिका वडा नं. ६ मा पर्छ । म कक्षा १ मा पढ्छु । म साथीहरूसँग मिलेर कक्षामा पढ्छु । मलाई पढ्न र लेख्न धेरै मन पर्छ । मलाई नआएको कुरा गुरुलाई सोध्छु । गुरु साह्रै खुसी हुनुहुन्छ । गुरुआमाले खेल खेलाउँदै पढाउनु हुन्छ । मलाई साथीसँग मिलेर खेल्न मन पर्छ । मलाई चित्र बनाउन र नाच्न पनि आउँछ ।





१. तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् ।

क. रिया कति वर्षकी हुनुभयो ?

.................................................................

ख. रियाको घर कुन ठाउँमा पर्दछ ?

.......................................................................

ग. गुरुआमाले कसरी पढाउनु हुन्छ ?

.................................................................

घ. रिया कोसँग खेल्नुहुन्छ ?

.........................................................

ङ. रियालाई के के गर्न मन पर्छ ?

.......................................................

च. तपाईंलाई के के गर्न मन लाग्छ ?

२. रियाले जस्तै आफ्नो बारेमा लेखी खाली ठाउँ भर्नुहोस् :

नमस्कार.................., मेरो नाम ..............................हो । म .................

वर्षकी छु । मेरो घर .................मा पर्छ । म ...............मा पढ्छु । गुरुआमाले

हामीलाई ..................पढाउनु हुन्छ । मलाई साथीसँग मि

लेर......................मन पर्छ । मलाई ...............पनि आउँछ ।

## ३. कक्षाकार्य

क) रियाले जस्तै अगाडि आएर आफ्ना बारेमा भन्नुहोस् ।

पाठ : दुई

# शिष्टचार र अभिवादन

## आदर

चित्र हेरौँ र बुझौँ ।





अरवाज खानको घरमा हजुरबुबा र हजुरआमा हुनुहुन्छ । अरवाज बिहान उठेर सबैलाई 'अस्सलामू अलैकुम' भनेर नमस्कार गर्नुहुन्छ । वहाँहरूले पनि 'वा अलैकुम अस्सलाम' भनी नमस्कार फर्काउनु हुन्छ ।



उज्जवल दङ्गाल विद्यालयमा शिक्षकलाई देख्नासाथ नमस्कार भन्नुहुन्छ। शिक्षकले पनि नमस्कार फर्काउनु हुन्छ । विद्या चौधरी साथीलाई शुभप्रभात साथी भनी नमस्कार गर्नुहुन्छ। साथीले पनि शुभप्रभात भनेर नमस्कार फर्काउनु हुन्छ।

## अभ्यास

१. चित्रमा के के गर्दै हुनुहुन्छ ? छलफल गरी तपाईं कसलाई चित्रमा दिएजस्तै गर्नुहुन्छ, पालैपालो भन्नुहोस् ?









## २. तल दिइएका अभिवादनसँग सम्बन्धित शब्दहरू कापीमा सार्नु होस् ।

अस्सलाम अलैकुम .........................................

बन्दगी .........................................

नमस्कार .........................................

ढोग .........................................

जोहार .........................................

सेवारो .........................................

दर्शन .........................................

शुभ प्रभात .........................................

शुभ रात्री .........................................

जोजोलोपा .........................................

## कक्षाकार्य

कक्षामा सबै विद्यार्थीले तल उदाहरणमा दिए जस्तै नामसहित पालैपालो नमस्कार गर्नुहोस् ।

गीता राजवंशी : नमस्कार, सूर्य टुडु । मेरो नाम गीता राजवंशी हो ।

सूर्य टुडु : नमस्कार, गीता राजवंशी ।

एकाइ : पाँच

पाठ : एक

# पेसा, व्यवसाय र प्रविधि

## परिवारको काम

१. हेरौँ र काम चिनौँ ।













मेरो नाम हरि ताजपुरिया हो । मेरो बुबा खेतीपातीको काम गर्नुहुन्छ । छिमेकीहरू पनि विभिन्न काम गर्नुहुन्छ । कोही पसल गर्नुहुन्छ । कोही झल्ला बनाउने काम गर्नुहुन्छ । कोही भुजा बनाउनुहुन्छ । कोही कुखुरा पाल्नु हुन्छ । कोही भने मजदुरी गर्नुहुन्छ ।

## अभ्यास

### १) तलका प्रश्नहरूको उत्तर भन्नुहोस् ।

क) तपाईंको घरका सदस्यहरू के के काम गर्नुहुन्छ ?

ख) तपाईं पनि घरको काममा सहयोग गर्नुहुन्छ ? यदि गर्नुहुन्छ भने के के काम गर्नु हुन्छ ?

ग) हरिको बुबाले के काम गर्नु हुन्छ ?

घ) तपाईंलाई कुन काम मन पर्छ ?

## २) धर्को तानेर जोडा मिलाउनुहोस् ।



झल्ला बनाउने



कुखुरा पालन



भुजा भुट्ने




खेती गर्ने



माछापालन

## ३) तल दिइएको चित्रमा रङ भर्नुहोस् ।









## पाठ : दुई

# मेरो घरको सामान

१. हेरौँ, चिनौँ र छलफल गरौँ ।











२.दिइएको चित्र हेरेर उत्तर भन्नुहोस् ।



अ) माथिका चित्रमा जस्तै तपाईंको घरमा के के सामानहरू छन् ?

आ) माथिको चित्रमा भएका सामानहरू मध्ये तपाईंको भान्सामा कुन कुन सामानहरू छन् ? भन्नुहोस् ।


इ) माथिको चित्रमा कुन सामान के कामका लागि प्रयोग गरिन्छ ? भन्नुहोस् ।


## अभ्यास

१) तपाईंको घरमा भएको सामानहरू चिनेर खाली कोठामा ठिक चिन्ह लगाउनुहोस् ।


हँसिया

पसनी


हलो


फरुवा

खला


जाँतो


चुँलेसी


बञ्चरो


ढिकी


ओखली


कुटो


तराजु


कैंची

ताक्री


मिक्चर


ट्याक्टर


खुकुरी


दाऊ

२) तपाईंको घरमा भएका कुनै पाँच वटा सामानहरूको नाम भन्नुहोस् ।

३) तपाईंलाई मनपर्ने कुनै तीनवटा खेतबारीमा प्रयोग गरिने सामानको चित्र बनाएर रङ भर्नुहोस् ।

**एकाइ : छ**
**पाठ : एक**

# विपद् व्यवस्थापन

.......................................................................................................................

## विपद्

हेरौँ र छलफल गरौँ ।

चित्र नं. १



चित्र नं. २



चित्र नं. ३



चित्र नं. ४



चित्र नं. ५



## १. तल दिइएका प्रश्नहरूको उत्तर भन्नुहोस् ।

क) माथिका चित्रमा के के भइरहेको छ ?

ख) तपाईँले चित्रमा भए जस्तै के के देख्नु भएको छ ?

ग) चित्रमा भएका घटनालाई के भनिन्छ ?

घ) तपाईँले देख्नु वा सुन्नु भएको चित्रमा नभएका विपद्का बारेमा भन्नुहोस् ।

## पाठ : दुई

# मौसम

........................................................................................................................................

तलको मौसमको अवस्था चिनेर कस्तो मौसम हो ? छलफल गर्नुहोस् र भन्नुहोस् ।

चित्र- १



चित्र- २



चित्र- ३



चित्र- ४



चित्र - ५



चित्र- ६



चित्र- ७



चित्र- ८



पढौँ र सिकौँ ।

नानीहरू सुन्नुहोस् त ! हाम्रो वरपरको वातावरण परिवर्तन भइरहन्छ । कहिले घाम लाग्छ । कहिले पानी पर्छ । कहिले हावा चल्छ । कहिले धेरै जाडो हुन्छ । यी सबै अवस्थालाई मौसम भनिन्छ । धेरै घाम लाग्यो भने गर्मी हुन्छ । ठुलो पानी पर्यो भने खोलाहरूमा बाढी आउँछ । धेरै चिसो भयो भने जाडो हुन्छ । ठुलो हावा चल्यो भने रुख बिरुवाहरू ढल्छन् । यस्ता अवस्था आएमा यसलाई विपत् भनिन्छ ।

**अभ्यास**

१) चित्र हेरेर उत्तर भन्नुहोस् ।

चित्र- १



चित्र-२



चित्र- ३



चित्र- ४



चित्र- ५




चित्र- ६



२) आजको मौसम कस्तो छ ? हेरेर र चार्ट

२. आजको मौसम कस्तो छ ? तलको चित्र हेरेर सुईले देखाउनुहोस् ।



३. सही उत्तरमा ठिक (√) चिह्न लगाउनुहोस् ।

अ. तपाइँको वरपर आजको मौसम कस्तो छ ?

घाम लागेको छ । ( )

बादल लागेको छ । ( )

हावा चलेको छ । ( )

पानी परेको छ । ( )

आ. ठुलो पानी आएर खोलामा बाढी आएको बेला तपाइँ के गर्नुहुन्छ ?

बाढी आएको ठाउँमा हेर्न जान्छु । ( )

घरभित्र बस्छु । ( )

चौरमा जान्छु । ( )

सुरक्षित ठाउँमा जान्छु । ( )

इ. हावाहुरी चलेको बेला के गर्नुपर्छ ?

घरभित्र बस्नुपर्छ । ( )

खुल्ला चौरमा खेल्नुपर्छ । ( )

सुकेको रुखको तल बस्नुपर्छ । ( )

जथाभावी डुल्नु पर्छ । ( )

ई. शीतलहरबाट बच्न के गर्नुपर्छ ?

लुगा नलगाई बस्नुपर्छ । ( )

घर बाहिर बस्नुपर्छ । ( )

साथीसँग खेल्न जानुपर्छ । ( )

न्यानो लुगा लगाएर घरभित्र बस्नुपर्छ । ( )

४. चित्रसँग जोडा मिलाउनुहोस् ।

यता चित्र राख्ने ल

| | |
|---|---|
| बाढीले बगाएको | हावा चलेको |
| हावा चलेको | बाढीले बगाए |
| घाम लागेको | धेरै जाडो |
| धेरै जाडो भएको | घाम लागेको |

५. तलका प्रश्नहरूको उत्तर भन्नुहोस् ।

अ. कुनै दुई विपद्को नाम भन्नुहोस् ।

आ. पानी पर्दा तपाईँ कहाँ जानुहुन्छ ?

इ. तपाईँ जाडो मौसममा कस्तो लुगा लगाउनुहुन्छ ?

पाठ : तीन

# आगो

तलका अवस्था चिनेर मानिस आफैँले निम्त्याएको विपद्का चित्रहरूका बारेमा छलफल गर्नुहोस् ।

चित्र- १



चित्र- २





चित्र- ३



चित्र- ४

पढौँ र सिकौँ ।



हामीलाई आगो नभइ नहुने वस्तु हो । हामी खानेकुरा आगोमा पकाउँछौँ । हामी आगोबिना बाँच्न सक्दैनौँ । नानीहरू हो ! आगोको हेलचेक्राईं गर्‍यो भने आगोले विनास गर्छ । हामीले आगोसँग खेल्न हुँदैन । केटाकेटीले भेट्ने ठाउँमा आगो बल्ने साधनहरू राख्न हुँदैन । घरमा आगो लाग्न सक्छ । हामी आफैँ जल्न सक्छौँ । जङ्गलमा आगो लाग्न सक्छ । आगोले गर्दा विपद् पनि आउँछ ।

**अभ्यास**

१. चित्रमा के के भइरहेको छ ? उत्तर भन्नुहोस् ।




चित्र- १



चित्र- २





चित्र- ३

चित्र- ४





चित्र- ५

चित्र- ६

२. तल दिइएका आगोका स्रोतहरूमध्ये तपाईँले देख्नुभएको स्रोत छ भने दिइएको कोठामा ठिक (√ ) चिह्न लगाउनुहोस् ।










| सलाई | लाइटर | ग्यास | सल्किदै गरेको चुरोट |
|---|---|---|---|
| | | | |

## ३. धर्का तानेर जोडा मिलाउनुहोस् ।

| | |
|---|---|
| आगोले | खानुपर्छ । |
| सफा खानेकुरा | कुदाउन हुँदैन् । |
| सवारी साधन छिटो | विनास पनि गर्छ । |
| सर्पले | पानी धेरै पिउनु पर्छ । |
| झाडा पखाला लाग्दा | डस्छ । |

## ४. खाली ठाउँमा मिल्दो शब्द भर्नुहोस् ।

क) खानेकुरा आगोमा ...................... खानुपर्छ । (पकाएर, नपकाई)

ख) सवारी साधन ....................... कुदाउनुपर्छ । ( विस्तारै, छिटो)

ग) झाडा पखाला लाग्दा ................ पानी पिउनुपर्छ । (धेरै, थोरै)

घ) आगलागी हुनु ............... हो । (विपद्, राम्रो)

## ५. तलका प्रश्नहरूको उत्तर भन्नुहोस् ।

अ. खाना पकाउन के बाल्नु पर्छ ?

आ. सलाई र लाइटर घरमा कसरी राख्नु पर्छ ?

इ. आगोको हेलचेक्राईंले के हुन्छ ?

ई. सर्पले के गर्छ ?

एकाइ : सात


पाठ : एक

# योग शिक्षा


.......................................................................................................................................


## योग

१. हेरौँ र चिनौँ ।



२. हेर्नुहोस् र गर्नुहोस् ।





कम्मर घुमाएको

घाँटी घुमाएको

औँला घुमाएको आदिको चित्र हाल्ने ल ।


३. चित्रमा देखाएझैँ गर्नुहोस् ।




म सुखासनमा बसेको छु ।



म पद्मासनमा बसेको छु ।





म बज्रासनमा बसेको छु ।


म ध्यान गर्छु ।

## अभ्यास

१) तल दिएको चित्रमा अङ्गहरू चिनेर पढ्नुहोस् र लेख्नुहोस् ।



२) तल दिएको चित्रमा अङ्गहरूको नाम लेख्नुहोस् ।



३) तलका आसनहरू कुन कुन आसन हुन् ? भन्नुहोस् र लेख्नुहोस् ।

